# स्थानीय राजपत्र

## कल्याणपुर नगरपालिकाद्धारा प्रकाशित

| खण्ड ४ | संख्या १ | मितिः २०७८।८।२१ |
|---|---|---|

भाग -१

कल्याणपुर नगरपालिका

नेपालको संविधानको धारा २१५ बमोजिमको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७८ सालको ऐन संख्या १**

# कल्याणपुर नगरपालिकाको आर्थिक ऐन,२०७८

**प्रमाणिकरण मिति२०७८।०८।२१**

**प्रस्तावना** : कल्याणपुर नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम कल्याणपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।
संक्षिप्त नाम र प्रारम्भ : यस ऐनको नाम कल्याणपुर नगरपालिकाको आर्थिक ऐन २०७८ रहेको छ ।
यो ऐन २०७८ श्रावण १ गतेदेखि कल्याणपुर नगरपालिकाभर लागू हुनेछ ।

१. **सम्पत्ति कर :** यस नगरपालिका क्षेत्रभित्र हाल लाई सम्पति कर लागु गरिएको छैन ।
२. **भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भुमि कर (मालपोत) लागाइने र असुल उपर गरिनेछ ।
३. **घर बहाल कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा छप्पर, जग्गा वा

पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय कर** : नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु कर** : नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिवा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोवार गरेवापत नगर कार्यपालिकाले तोके बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

६. **सवारी साधन कर** : नगरपालिका क्षेत्रभित्र दर्ता भएका एवं नगरपालिकाको क्षेत्र भित्र गुड्ने सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **घर नक्सा कर दस्तुर** : नगरपालिका क्षेत्रभित्र निर्माण हुने भवन तथा पुराना मापदण्ड पुगेका घरको घर नक्सा पास दस्तुर भवन निर्माण लगायतका लागि अनुसुची (६) बमोजिम दस्तुर लगाईने र घरको अभिलेखिकरण दस्तुर असूल उपर गरिनेछ ।

८. **सिफारिश तथा सेवा शुल्क :** नगरपालिका केन्द्र तथा वडा कार्यालयबाट प्रदान गरिने सेवाको सिफारिश शुल्क अनुसूचि (७) बमोजिम सिफरिश तथा सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

९. **विज्ञापन कर :** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (८) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **खनिज पदार्थ (माटो, बालुवा, गिटी, ढुंगा आदि) ढुवानीबाट हुने क्षतिवापत बाटो मर्मत तथा सुधार शुल्क :** नगरपालिकाको भैगोलिक क्षेत्र भित्र कानुन बमोजिम अनुमति लिई उत्खनन गरिएका खनिज पदार्थ (माटो, बालुवा, गिटी, ढुंगा आदि) ढुवानीबाट नगरपालिका भित्रका सडकहरुमा पर्ने क्षतिको क्षतिपूर्तीवापत अनुसूचि (९) बमोजिम शुल्क दस्तुर लगाईने र असुल उपर गरिनेछ र खोला नाला ठेक्का वन्दोवस गरिनेछ।

११. **मनोरञ्जन कर :** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा नगर कार्यपालिकाले तोके बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर प्रदेश स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१२. **बहाल बिटौरी शुल्क :** नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा नगर कार्यपालिकाले तोके बमोजिम बहाल बिरौटी शुल्क लगाईने र असूल उपर गरिनेछ।

१३. **पार्किङ्ग शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत नगर कार्यपालिकाले तोके बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ।

१४. **सेवा शुल्क, दस्तुर :** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेकामा नगरपालिकाको स्थानीय पूर्वाधार र

उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट नगर कार्यपालिकाको निर्णय बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१५. **निकासी कर :** नगर क्षेत्रभित्र उत्पादन तथा व्यावसायिक कारेबार हुने उत्पादित सामग्री तथा मालसामानहरु व्यावसायिक प्रयोजनका लागि नगर क्षेत्रबाहिर निकासी गर्दा गराउँदा लाग्ने निकासी दस्तुर नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । उक्त निकासी कर दस्तुरका सन्दर्भमा संघीय तथा प्रादेशिक कानुनले अन्यथा व्यवस्था गरे सोहि अनुसार हुनेछ ।

१६.**कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१८. यस ऐनमा उल्लेख नभएका कुनै पनि विषयका दररेटहरु तत्काल निर्धारण गर्नुपर्ने भएमा सोही विषयसंग मिल्दोजुल्दो अर्को विषयको दररेट कायम गरिनेछ ।

१७. यस ऐनमा उल्लेखित अनुसूचीहरुबाट संकलन हुन सक्ने रकम र यस नगरपालिकालाई आ.व. २०७८।०७९ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको निशर्त तथा सशर्त र अनुदान समेतको विनियोजन गर्न सकिने रकमको विवरण अनुसूची (१०) मा उल्लेख गरिएको छ ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ । यस ऐनमा उल्लेख हुन छुट भएका कर तथा शुल्क संकलन सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

# अनुसूचि -१

## सम्पती कर : सम्पती कर हाललाई लागु गरिएको छैन ।

# अनुसूचि २

## मालपोत कर

| क.स | विवरण | अवल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|
| १ | १.५ विगहा सम्म प्रति कट्ठा | १० | ८ | ६ | ५ |
| २ | ३ विगहा सम्म प्रति कट्ठा | १५ | १२ | १० | ८ |
| ३ | ३ विगहा भन्दा माथि हुने को हक्मा प्रति कट्ठा | २० | १८ | १५ | १२ |

# अनुसूचि ३

१. यस नगरपालिका क्षेत्र भित्र निर्माण भएको घर ग्यारेज गोदाम टहरा सेड कारखाना पोखरी जग्गा आदि बहालमा लगाइएको वा दिएको भए बाहाल दिने धनीबाट कुल बहाल रकममा दस प्रतिशतका दरले बहाल कर असुल गरिने छ ।

२. नगरपालिकाले आफनो स्वामित्वको जग्गामा निर्माण गरेको वा, संचालन वा रेखदेख गरेको हाट बजार, सर्वजानिक स्थल, ऐलानि जग्गा बाटोको छेउ इत्यादिमा स्थायी रुपमा पसल थाप्न दिए बापत देहाय बमोजिम मासिक बहाल बिटौरी कर लिइने छ ।

(क) मुख्य सडकको छेउमा प्रति वर्ग फिट रु ५ ।-

(ख) सविकमा बहाल विटौरी अन्तर्गतको जग्गामा प्रति धुर रु ५ ।-

# अनुसूचि ४

| क.स. | विवरण | रकम |
|---|---|---|
| १ | बिडी वा सुर्तिजन्य वस्तु बनाउने र बिक्री गर्ने | ५००।- |
| २ | मदिरा वियर कोल्ड ड्रिंक थोक बिक्रेता | २०००।- |
| ३ | मदिरा वियर कोल्ड ड्रिंक खुद्रा बिक्रेता | ५००।- |
| ४ | मदिरा वियर कोल्ड ड्रिंकको व्यवस्थाको साथै खाना सहितको होटल | २०००।- |
| ५ | मिठाई सहितको चिया नास्ता होटल | १०००।- |
| ६ | चिया नस्ता पसल | ८००।- |
| ७ | चिया पसल | ५००।- |
| ८ | सुन चाँदी र सो को गहना बनाई विक्री तथा बंन्धकी राख्ने पसल | ५०००।- |
| ९ | सुन चाँदी प्रशोधन कार्य गर्ने पसल | १०००।- |
| १० | केवल हाडवेर पसल | २०००।- |
| ११ | सिमेन्ट फलामे डन्डी मात्र बेच्ने पसल | १५००।- |
| १२ | हार्डवेर सिमेन्ट फलामे डन्डी शिशा प्लाइउड सनमैका रंग रोगन पंखा, विजुली समान समेत विक्री गर्ने पसल | ५०००।- |
| १३ | मोवाईल टेलिफोन पंखा आइरन घडी क्यमरा बिजलिको समान लगायत अन्य इलेक्ट्रोनिक्स समान बेचने खुद्रा पसल | १५००।- |
| १४ | मोवईल टेलिफोन पंखा आइरन घडी क्यमरा बिजलिको समान लगायत अन्य इलेक्ट्रोनिक्स समान बेच्ने खुदरा सानो पसल | १०००।- |
| १५ | सिडी चक्का डबिगं र बेच्ने तथा अन्य इलेक्ट्रोनिक्स समान बेच्ने पसल | ७००।- |
| १६ | पट्रोलियम पदार्थ बेच्ने | ३०००।- |
| १७ | मटितेल बेच्ने | ५००।- |
| १८ | ग्याँस सिलिन्डर बिक्री गरने | ५००।- |
| १९ | मोवाईल सिम र रिचार्ज वेचने | ३००।- |
| २० | गल्ला खरिद बिक्री गर्ने | ५००।- |
| २१ | कपडा पसल ठूलो | २५००।- |
| २२ | कपडा पसल सानो | १५००।- |
| २३ | रेडिमेड कपडा बेच्ने | १०००।- |
| २४ | किराना समान  थोक तथा खुदरा बिक्री पसल | २५००।- |
| २५ | किराना समान  खुद्रा बिक्री पसल | १५००।- |
| २६ | किराना समान कठघारा वा गोमतिमा गरिएको सानो पसल | ५००।- |
| २७ | मोटर साईकल , स्कुटर, साईकलको पाटर्स बिक्री पसल | १५००।- |

| | | |
|---|---|---|
| २८ | गाडि वासीङ सेन्टर | १०००।- |
| २९ | मोटर साईकल , स्कुटर, साईकलको पार्टस बिक्री र मर्मत समेत पसल | २०००।- |
| ३० | पम्पीङ सेट,मोटर पंखा इत्यादि मर्मत गर्ने पसल | १०००।- |
| ३१ | टिभी, रेडियो, घडी, टेलिफोन पंखा पानी तान्ने मोटर लगायत विद्युतीय समान मर्मत तथा स्पेयर पार्टस बिक्री गर्ने | १५००।- |
| ३२ | नर्सरी कार्य | ५००।- |
| ३३ | व्यूटि पार्लर र सैलुन | १०००।- |
| ३४ | सैलुन | ७००।- |
| ३५ | खसी, सुगूर, बंगूर र कुखुरा काटी मासु बेच्ने पसल | १०००।- |
| ३६ | अन्डा तारेको उसिनेको र माछा तारेको बेच्ने पसल | ३००।- |
| ३७ | भाडा वर्तन पसल | १०००।- |
| ३८ | स्टिल दराज पेटि बक्सा र भाँडाकुडा पसल | १५००।- |
| ३९ | काठको फर्निचर तयार गरी बिक्री गर्ने उद्योग | २०००।- |
| ४० | सिमेन्ट खम्बा भेन्टीलेसन ईटा बनाउने उद्योग | २०००।- |
| ४१ | टिनको बक्सा ट्रंक ड्रम इत्यादि बनाउने | २०००।- |
| ४२ | डेरी उद्योग | १५००।- |
| ४३ | अगरबति र चुरी लठी, मैनबती, मुढा, बनाउने उद्योग | ७००।- |
| ४४ | कुखुरा पालन उद्योग | १५००।- |
| ४५ | मिल( कुटानी, पिसानी र पेलानी) | १२००।- |
| ४६ | मिल( कुटानी, पिसानी ) | १०००।- |
| ४७ | मिल मसला पिसानी | ३००।- |
| ४८ | मसला इत्यादि तयारी गरी बेच्ने पसल वा उद्योग | १५००।- |
| ४९ | पाउरोटी उद्योग | ७००।- |
| ५० | ग्रिल सटर बनाउने उद्योग | २०००।- |
| ५१ | मनिहारा र सिंगार पसल | १०००।- |
| ५२ | मनिहारा र सिंगार तथा अन्य सामान बिक्री पसल | १५००।- |
| ५३ | केवल जुत्ता र चप्पल पसल | १०००।- |
| ५४ | जेनरल स्टोर्स | २०००।- |
| ५५ | स्टेशनरी तथा पुस्तक खुद्रा बिक्री पसल | १०००।- |
| ५६ | पान पसल | ५००।- |
| ५७ | टायर ट्यूब मर्मत तथा हावा भर्ने | ७००।- |
| ५८ | ग्यास वेल्डिङ तथा रेडि वाटर मर्मत समेत पसल | ७००।- |
| ५९ | ब्याट्री मर्मत तथा चार्ज गर्ने पसल | ७००।- |
| ६० | रिक्शा मर्मत साईकल मर्मत तथा अन्य सामान मर्मत पसल | ७००।- |

| | | |
|---|---|---|
| ६१ | कबाडी संकलन काम | १०००।- |
| ६२ | टेलरिङ काम ( पसल खोलेको) | १०००।- |
| ६३ | टेलरिङ काम ( फूटपातमा मसिन राखि गरिने) | ५००।- |
| ६४ | आलु प्याजको थोक बिक्रेता | १५००।- |
| ६५ | औषधी पसल थोक बिक्रेता | २५००।- |
| ६६ | औषधी पसल खुद्रा बिक्रेता | १०००।- |
| ६७ | मल खाद बीउ बिजन कीटनासक | १०००।- |
| ६८ | टेन्ट हाउस तथा साउण्ड सम्बन्धि काम | २०००।- |
| ६९ | टेन्ट हाउस तथा साउण्ड सम्बन्धि काम कुनै एक मात्र गरेमा | १०००।- |
| ७० | अफसेट प्रेस | १५००।- |
| ७१ | स्क्रीन प्रिन्ट तथा स्टाम्प बनाउने | ८००।- |
| ७२ | फोटो स्टूडीयो | ७००।- |
| ७३ | जिप, कार, मिनी बस, माइक्रो, टेम्पो ,म्याजीक, पीकअप, १ सम्म राखी व्यवसाय गर्ने | १०००।- |
| ७४ | ट्रक, बस, टयांकलरी, रोडरोलर, टिपर, जेसिबी,१ सम्म राखि व्यवसाय गर्ने | २०००।- |
| ७५ | जादु, सरकस,थिएटर, संगित तथा मनोरञ्जन हल प्रति दिन | २००।- |
| ७६ | संचार कम्पनीले मोवाईल टावर राखी सेवा संचालन प्रति टावरको | ३०००।- |
| ७७ | मोवाईल कम्पनीले कार्यालय संचालन गरेमा | ३०००।- |
| ७८ | टेलिफोन, फ्याक्स, फोटोकपी, लेमिनेशन, स्पाइरल वाइण्डीङ्ग | ७००।- |
| ७९ | स्थानीय एफ. एम. रेडियो संचालनमा | २५००।- |
| ८० | इन्टरनेट, इमेल समेत भएका (साइवर क्याफे) | ५००।- |
| ८१ | इन्टरनेट सर्भिस प्रोभाइडरलाई | २५००।- |
| ८२ | कुरियर सेवा | ५००।- |
| ८३ | छपाई तथा प्रकाशन (पत्र पत्रिका) | ५००।- |
| ८४ | नेपाल सरकारको स्वामित्व नरहेका वाणिज्य वैंक | ७०००।- |
| ८५ | आर्थिक कारोवर गर्ने वित्तिय कम्पनी (मनि ट्रान्सफर समेत) | ३०००।- |
| ८६ | बीमा कम्पनी | ३०००।- |
| ८७ | सहकारी संस्था | १०००।- |
| ८८ | निर्माण व्यवसायी (क.श्रेणी) | ७०००।- |
| ८९ | निर्माण व्यवसायी (ख.श्रेणी) | ५०००।- |
| ९० | निर्माण व्यवसाहि (ग.श्रेणी) | ४०००।- |
| ९१ | निर्माण व्यवसायी (घ.श्रेणी) | ३०००।- |
| ९२ | नर्सिङ्ग होम तथा अस्पताल सहकारी बाहेक | ५०००।- |
| ९३ | क्लीनिक तथा ल्याव (एक्सरे समेत) | २०००।- |
| ९४ | दिशा, पिसाव, विर्य र रगत आदि जाच्ने ल्यावमा | १०००।- |

| | | |
|---|---|---|
| ९५ | क्लीनिक ( दन्त क्लीनिक समेत) | १५००।- |
| ९६ | एक्सरे अल्ट्रासाउण्ड | १०००।- |
| ९७ | सादा एक्सरे | ५००।- |
| ९८ | १-८ सम्म कक्षाको निजी | २०००।- |
| ९९ | ९-१२सम्म कक्षाको निजी | ४०००।- |
| १०० | मन्टेश्वरी शिक्षा निजी | १५००।- |
| १०१ | टीकट काउण्टर | १०००।- |
| १०२ | रेमीट सेवा | २०००।- |
| १०३ | टूर्स एण्ड ट्राभल्स | २०००।- |
| १०४ | काठ चिरान मील | २०००।- |
| १०५ | सिभिल इन्जिनियर, ओभरसियर निजी स्तरका विधालय | ४०००।- |
| १०६ | सव-ओ.सि., अमिन,अनमी अहेव. आदि निजी स्तरका विधालय | ४०००।- |
| १०७ | स्टाफ नर्स आदि निजी स्तरको | ४०००।- |
| १०८ | ड्राईभिङ्ग प्रशिक्षण केन्द्र | २०००।- |
| १०९ | कम्प्यूटर, भाषा प्रशिक्षण केन्द्र | १०००।- |
| ११० | कन्सलटेन्सी संचालन | १०००।- |
| १११ | केबल संचालन(टी.भी च्यानल) | २५००।- |

**व्यसायिक कर (वार्षिक)**

# अनुसूचि -५

**सवारी करको दररेट :-**

**सवारी दर्ता तथा वार्षिक सवारी कर :-**

| क.स. | पटके सवारी कर | दर |
|---|---|---|
| १ | बस, ट्रक र टंकलरी | ३०।- |
| २ | जीप, कार , मारुती भाडाको | २०।- |
| ३ | टेम्पो, भ्यान, माइक्रो र पिकअप | २०।- |

| | | |
|---|---|---|
| ४ | विदेशी नम्वर प्लेट भएका सवारी साधन | ५०।- |
| ५ | पार्किङ्ग शुल्क प्रति दिन | १०।- |
| | **बार्षिक सवारी कर** | |
| १ | दर्ता तथा इजाजत शुल्क | १००।- |
| २ | नामसारी शुल्क | १००।- |
| ३ | सवारी दर्ता प्रमाण पत्र शुल्क | १००।- |
| ४ | बस ट्रक लरी र अन्य हैभि गाडी दर्ता | २०००।- |
| ५ | भाडाका टेम्पु | १०००।- |
| ६ | भाडाका मिनीबस ट्रक | १५००।- |
| ७ | निजी जीप कार टेम्पु  मिनीबस मिनीट्रक र पिकप | ५००।- |
| ८ | स्कुटर र मोटर साईकल | १००।- |
| ९ | सि.टी. रिक्शा | ८००।- |

| **क.स.** | **घरको विवरण** | **अवाशीय घरको रु** | **व्यापारिक घरको रु** |
|---|---|---|---|
| १ | भूईतल्ला भएको पक्की घरको क्षेत्रफलको प्रति वर्ग फिट | १.५० | २ |
| २ | प्रथम तल्ला सम्मको पक्की घरको क्षेत्रफलको प्रति वर्ग फिट | २ | २.५ |
| ३ | दोश्रो तल्ला सम्मका पक्की घरको  क्षेत्रफलको प्रति वर्ग फिट | २.५ | ३ |
| ४ | तेश्रो र सो भन्दा माथिको पक्की घरको   क्षेत्रफलको | ३ | ३.५ |
| ५ | काठ खम्बा टाटीको घेरा र टिन वा खपराको छाना एकतल्ले भएको घरको | १ | १.५ |
| ६ | काठ खम्बा टाटीको घेरा र टिना वा खपराको छाना दुईतल्ले भएको घरको | १.२५ | १.७५ |
| ७ | काठ खम्बा टाटीको घेडा र फुसको छाना भएको एकतल्ले घरको | ०.७५ | १ |
| ८ | काठ खम्बा टाटीको घेडा र फुसको छाना भएको दुईतल्ले घरको | १ | १.२५ |
| ९ | पक्काको वाल र एलेव्सटर, खपरा, करपत्ताको छाना भएको एकतल्ले | १.२५ | १.५ |

| | | | |
|---|---|---|---|
| | घर | | |
| १० | पक्काको वाल र एलेव्सटर, खपरा, करपत्ताको छाना भएको दुईतल्ले घर | १.५० | २ |

# अनुसूचि-६

## घर नक्सा तथा अभिलेखिकरण दस्तुर प्रति वर्ग फिट :-

११. भुईतल्ला उद्योग र कल करखाना हकमा प्रति वर्ग फिट रु४। र पर्खाल वाल हकमा रु २ प्रति मि.

१२. नक्सा पास किताब शुल्क रु १०००।-

१३. अमिन द्धारा जग्गा नाप जाच प्रतिपटक रु ५००।-

१४. घर नक्सा पस नामसारी रु ५००।-

१५. घर निर्माण सम्पन्न प्रमाण पत्रको रु ५००।-

१६. घर नक्सा पासको उजुरी दिने निवेदन दस्तुर १००।-

| क.स. | विवरण | रकम |
|---|---|---|
| १ | नागरिकताको सिफारिश र प्रतिलिपी सिफारिश दस्तुर | १०० ।- |
| २ | घरबाटो प्रमाणित सिफारिश | २००।- |
| ३ | जग्गा धनी श्रेस्तामा नाम थर संसोधन सिफारिश | २००।- |
| ४ | स्थायी ठेगाना प्रमाणित सिफारिश | १००- |
| ५ | नाता प्रमाणित निवेदन | १००।- |
| ६ | नाता प्रमाणित सम्बन्धी सिफारिश | २००।- |
| ७ | सम्बन्ध बिच्छेद सिफारिश | ५००।- |
| ८ | परिचय पत्र सिफारिश | २००।- |
| ९ | जग्गा फूकुवा सिफारिश | १००।- |
| १० | व्यवसाय दर्ता शुल्क | १०००।- |
| ११ | व्यवसाय नवीकरण शुल्क | ५००।- |
| १२ | कृषि मिटर /घर बत्ती मिटर जडान सिफारिश दुई फेज | २००/३०० |

| | | |
|---|---|---|
| १३ | घर बत्ती मिटर जडान सिफारिश तिन फेज(उधोग कलकारखानाका लागि) | ५००।- |
| १४ | जग्गा नामसारि सिफारिश | २००।- |
| १५ | घर बास मिन्हा र गाउँ ब्लौक जग्गा सिफारिश | ५००।- |
| १६ | बहाल बिटुरि जग्गा बिक्री सिफारिश | ५००।- |
| १७ | बहाल बिटुरि जग्गा दा. खा. दर्ता, लगत कायम र नामसारि | १०००।- |
| १८ | चार किल्ला प्रमाणित सिफारिश | २००।- |
| १९ | अबिबाहित प्रमाणित | १००।- |
| २० | छुट जग्गा दर्ता सिफारिश | १०००।- |
| २१ | सनाखत सिफारिश | १००।- |
| २२ | मोहि नामसारि | ३००।- |
| २३ | मोहि महलको नाउँ कट्टा सिफारिश | २००।- |
| २४ | मोहि लगत कट्टा सिफारिश | ३००।- |
| २५ | बक्स पत्र सम्बन्धी सिफारिश | ५००।- |
| २६ | अपुतालि सिफारिश | १०००।- |
| २७ | अंश सम्बन्धी सिफारिश | २५०।- |
| २८ | चारित्रिक सिफारिश | १००।- |
| २९ | मिलापत्र दस्तुर - ६००।- र निवेदन दर्ता दस्तुर- २००।- | ६००।-/२००।- |
| ३० | औधोगिक सरजमिन मुचूल्का | ५००।- |
| ३१ | नामसारि सहर जमिन मुचूल्का | ५००।- |
| ३२ | ठूलो उद्योग नामसारि वा दर्ता सम्बन्धी | १५००।- |
| ३३ | सानो उद्योग नामसारि वा दर्ता सम्बन्धी | १०००।- |
| ३४ | अन्य साना घरेलु उद्योग नामसारि वा दर्ता सम्बन्धी | ५००।- |
| ३५ | पान नम्बर सम्बन्धी | १०००।- |
| ३६ | पेट्रोल पम्प स्थापना सम्बन्धी | २५००।- |
| ३७ | उद्योग वा व्यवशय क्षति सिफारिस | ५००।- |
| ३८ | संघसंस्था नवीकरण | ५००।- |
| ३९ | सहकारी, कलव, कृषिसमूह, आमा समूह, टोल विकास समिति, धार्मिक संस्था नवीकरण | ३००।- |
| ४० | आय श्रोत प्रमाणित सिफरिस कुल आय रकमको विद्यार्थिको हकमा ०.०१ प्रतिशत र अन्य प्रयोजनको लागी ०.०३ प्रतिशत । | |

| | | |
|---|---|---|
| ४१ | संघ संस्था दर्ता र सिफारिस । | ५००।- |
| ४२ | पक्की घर कायम सम्वन्धि सिफारिस । | ५००।- |
| ४४ | कच्ची घर कायम सम्वन्धि सिफारिस । | २००।- |
| ४५ | गाई, गोरु, भैसी अर्को ठाउँ लैजाने सम्वन्धि सिफारिस । | २००।- |
| ४६ | ठेक्का पट्टाको इजाजत पत्र सिफारिस दस्तुर । | ५००।- |
| ४७ | शिक्षण संस्था स्वीकृती दस्तुर | |
| | (क) आधारभुत तह (निजी) | १०००।- |
| | (ख) आधारभुत तह (सामुदायीक) | ५००।- |
| | (ग) मा. वि. (निजी) | २०००।- |
| | (घ) मा.वि. (सामुदायिक) | १०००।- |
| ४८ | **कान्जीहाउँस** | |
| | क) छारा चैपाया प्रतिदिन, वाखा | १००।- |
| | ख) छारा चैपाया प्रतिदिन, गाई, भैसी | २००।- |
| | ग) छारा चैपाया प्रतिदिन, सुगुंर | ५००।- |
| ४९ | गाई, गोरु, रांगा, भैसी विकी वापत (केता र विकेता दुवै वाट) लिने प्रति गोटाको | १००।- |
| ५० | ३५ दिने म्याद गुजारी व्यक्तिगत घटना दर्ता गर्न आउदा लागने दस्तुर रु.८ रुपैया र सो म्याद गुजरेमा जरिवाना रकम । | ५०।- |

१७. घर अभिलेखिकरण दस्तुर ५००।-

# अनुसूचि -७

**दैनिक रुपमा लिईने कर :**

१. दैनिक घुम्ती (ठेला) मा व्यवसाय व्यपार गर्ने प्रतिदिन रु १०।-

२. विभिन्न कम्पनिका व्यपार प्रवर्द्धन गर्नकालागी खुद्रा (स्टल) रु १५०।-

## अनुसूचि - ८

| क.स. | विवरण | रकम |
|---|---|---|
| १ | होर्डिङ्ग बोर्ड (प्रति स्क्वायर फिट) | रु.७५।- |
| २ | ग्लो साइन बोई (प्रति स्क्वायर फिट) | रु.९०।- |
| ३ | साइन बोर्ड (प्रति स्क्वायर फिट) | रु.४०।- |
| ४ | पोल बोर्ड प्रति गोटा (वार्षिक) | रु.१०००।- |
| ५ | भित्ते लेखन, सटर पेन्टिङ्ग (प्रति स्क्वायर फिट) | रु.२०।- |
| ६ | डिजिटल बोर्ड गोटा (वार्षिक) | रु.२००।- |
| ७ | व्यानर प्रति गोटा (वार्षिक) | रु.५००।- |

**विज्ञापन कर (वार्षिक) :**

## अनुसूचि - ९

**खनिज पदार्थ (माटो, बालुवा, गिटी, ढुंगा आदि) कर प्रदेश सरकारले निर्धाण गरे वमोजिम उठाईने छ :**

| क.स. | विवरण | रकम(रु) |
|---|---|---|
| १ | नदि नियन्त्रण सेवा शुल्क (बालुवा, ढुङ्गा, गिटी, ग्राभेल माटो) | |
| | ट्रक्टर प्रतिट्रीप | |
| | क) माटो | १००।- |
| | ख) भरौटे वालुवा | १००।- |
| | ग) घर जोड्ने वालुवा | २००- |
| | घ) ढुङ्गा, गिटी, ग्रईभेल | ३००।- |

आज्ञाले
जय प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत